

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ ८ गते आइतबार ❑ 22 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## प्रधानमन्त्रीलाई मुख्यमन्त्री पोखरेलको ध्यानाकर्षण पत्र

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

संघ सरकार नीति तथा कार्यक्रम र वार्षिक बजेटको अन्तिम तयारीमा जुटिरहेका बेला गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर ध्यानाकर्षण गराएका छन् ।

गण्डकी प्रदेशको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय विकास मार्फत् समुन्नत राष्ट्र निर्माणका लागि महत्वपूर्ण योगदान पुऱ्याउन तथा अन्तर प्रदेश समन्वय र विकासलाई सुदृढ बनाउनका लागि संघको बजेटमा समेट्नै पर्ने गण्डकीका योजनाको सूची उनले प्रधानमन्त्रीलाई बुझाएका छन् । मुख्यमन्त्री पोखरेलले बुझाएको ध्यानाकर्षण पत्रमा उल्लेख छ, 'राष्ट्रिय विकास तथा अन्तर प्रदेश समन्वयात्मक विकासका लागि केही राष्ट्रिय गौरवका, रणनीतिक महत्वका र अन्तर प्रदेश विकासमा समेत महत्वपूर्ण हुन सक्ने आयोजनाहरूमा संघ सरकार र प्रदेश सरकारको लगानी साझेदारी हुनुपर्ने, आपसी समन्वयमा त्यस्ता आयोजनाहरूको कार्यान्वयन हुन जरुरी छ ।'

राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सञ्चालित क्षेत्रमा निर्बाध रूपमा आयोजना सञ्चालन हुने वातावरण सुनिश्चित गर्न आवश्यक कानुन तथा मापदण्ड विकासको गरी निर्बाध रूपमा त्यस्ता आयोजना सञ्चालन हुने अवस्था विकास हुनुपर्ने भन्दै मुख्यमन्त्री पोखरेलले प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गराएका छन् । ध्यानाकर्षण पत्र ग्रहण गरेपछि प्रधानमन्त्री देउवाले प्रदेश र स्थानीय तहको समृद्धिमा नै समग्र



मुलुकको समृद्धि निर्भर रहेको भन्दै गण्डकीबाट आएका योजनालाई प्राथमिकतामा राख्ने बताए । उनले उक्त ध्यानाकर्षण पत्र राष्ट्रिय योजना आयोग र अर्थमन्त्रालयमा पठाउने र सकेसम्म सबै योजना बजेटमा समेट्ने आश्वासन दिएका छन् । कम लागतमा उच्च प्रतिफल दिने, गण्डकी प्रदेशको साथै राष्ट्रिय अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान गर्नसक्ने उत्तरगंगा जलासययुक्त जलविद्युत आयोजना सञ्चालनमा ल्याउन प्रदेश सरकारको समेत लगानी साझेदारी हुनेगरी संघीय सरकारले आव २०७९/८० बाट कार्यान्वयनमा लैजान मुख्यमन्त्री पोखरेलले ध्यानाकर्षण गराएका छन् । उनले भनेका छन्, 'जलासययुक्त बुढीगण्डकी जलविद्युत आयोजना चालु आवबाट नै सुरुआत गर्ने गरी कार्य अगाडि बढाउन अनुरोध सहित गण्डकी प्रदेश सरकारको पनि लगानी साझेदारी हुने वातावरण बनाउन अनुरोध गर्छु ।'

गण्डकी प्रदेश र लुम्बिनी प्रदेशको धार्मिक तथा पर्यटकीय प्रवर्द्धन गर्न दुवै प्रदेशको समन्वय र लगानीमा, संघ सरकारको समेत साझेदारीमा मुक्तिनाथदेखि गौतम बुद्धको जन्मस्थल लुम्बिनीसम्म जोड्ने मुक्तिमार्ग निर्माणको योजना समेट्ने मुख्यमन्त्री पोखरेलले माग गरेका छन् । पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गर्ने र पोखराको मुख्य आकर्षक फेवातालको संरक्षण र विकासको लागि फेवाताल संरक्षण र विकास गुरूयोजना कार्यान्वयनको लागि लगानी सुनिश्चित हुनेपर्ने ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

गण्डकी प्रदेशसँग जोडिएका तीनवटा अन्तर्राष्ट्रिय नाकाहरु मुस्ताङको कोरला, नवलपरासीको त्रिवेणी र गोरखाको लार्के सीमा नाकामा भन्सार पूर्वाधार विकास गरी गरी नेपाल चीन २ देशीय व्यापार तथा वाणिज्य प्रवर्द्धन गर्नुपर्ने मुख्यमन्त्रीले आग्रह गरेका छन् । यसैगरी गोरखाको आरुघाटदेखि चुमनुब्री हुँदै उत्तरी नाका लार्केसम्म मोटरबाटो निर्माणको लागि लगानी गर्नुपर्ने, धार्मिक पर्यटकीय क्षेत्र देवघाटको प्रवर्द्धन गर्न गण्डकी प्रदेशको तनहुँ र नवलपुर तथा बागमती प्रदेशको चितवन जोड्ने गरी त्रिकोणात्मक मोटरेबल पुल निर्माणका लागि उनले माग गरेका छन् । पर्यटकीय राजधानी पोखरा र नेपालको राजधानी काठमाडौं जोड्ने द्रुतमार्ग विकासका साथै वैकल्पिक मार्गकारुपमा रहेको बुद्धसिंह मार्ग कालोपत्रे गर्न मुख्यमन्त्री पोखरेलले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका छन् । गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखानालाई पुनः सञ्चालन गर्न साझेदारीमा लगानी सुनिश्चित हुने वातावरण विकासका लागि समेत मुख्यमन्त्रीले पोखरेलले आग्रह गरेका छन् । धार्मिक महत्व बोकेको पवित्र नदी कालीगण्डकी नदीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने र यसको बहुपक्षीय विकासको लागि लगानी गर्नुपर्ने, अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनका लागि मासिक रुपमा रकम सामाजिक सुरक्षा कोषलाई उपलब्ध गराउन आगामी बजेटमा व्यवस्था गर्न पनि उनले माग गरेका छन् । मनाङको नार्पाभूमि गाउँपालिका अहिलेसम्म सडक सञ्जालसँग नजोडिएको र विकट भएकाले प्रदेश सरकारको क्षमता नपुग्ने हुँदा केन्द्रीय योजनामा समावेश गर्न ध्यानाकर्षण पत्रमार्फत् अनुरोध गरिएको छ । नवलपुरको गैंडाकोटमा विपी अन्तर्राष्ट्रिय खेलग्राम र नवलपुरमै ट्रमा सेन्टर स्थापनाका लागि पनि केन्द्र सरकारले बजेट विनियोजना गरिदिन उनले प्रधानमन्त्रीसँग अनुरोध गरेका छन् । शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा मुख्यमन्त्रीसँगै प्रदेशका कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापा पनि थिए । मुख्यमन्त्री पोखरेल शनिबार काठमाठौं गएर शनिबारै पोखरा फर्केका छन् । उनले यसअघि पनि २ पटकसम्म प्रधानमन्त्री देउवालाई भेटेर बजेट तथा प्रदेशका योजनाका बारेमा ध्यानाकर्षण गराएका थिए ।

## पोखराको प्रमुखमा आचार्य तीन हजार २७२ मतले अगाडि

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

स्थानीय तह सदस्य निर्वाचन-२०७९ अन्तर्गत पोखरा महानगरपालिकाको जारी मतगणनामा सत्ता गठबन्धनबाट प्रमुखका उम्मेदवार नेकपा (एकीकृत समाजवादी)का धनराज आचार्यले तीन हजार २७२ मतले अघि हुनुहुन्छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले शनिबार साँझ ८ बजे जारी गरेको अद्यावधिक मत परिणाम विवरणानुसार ९२ हजार ५६१ मत गणनामा आचार्यले हालसम्म ३७ हजार १२२ मत प्राप्त गरी अग्रता कायमै राख्नुभएको छ । यसैगरी प्रमुखका प्रत्याशी नेकपा (एमाले)का कृष्णबहादुर थापा ३३ हजार ८५० मत प्राप्त गरी आचार्यलाई पछ्याइरहनुभएको छ । यसैगरी महानगरको उपप्रमुखमा भने नेकपा (एमाले)का उम्मेदवार मञ्जुदेवी गुरुङको अग्रता छ । गुरुङले ३८ हजार ५७६ मत प्राप्त गरी अग्रता बनाउँदा उहाँका निकटतम प्रत्याशी गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका कोपिला रानाभाटको ३७ हजार ५४५ मत ल्याउनुभएको छ ।

पोखरा महानगरका ३३ वडामध्ये हालसम्म २० वडाको अन्तिम मत परिणाम सार्वजनिक भएको छ । त्यसमा नेपाली कांग्रेसले १४ वडामा जीत हासिल गरेको छ भने एमालेले छ वडा जितेको छ । गत वैशाख ३१ गतेदेखि पोखराको मतगणना सुरु भएकामा हालसम्म नेपाली कांग्रेसले वडा नं २, ३, ४, ७, ९, १२, १३, १४, २३, २४ ,२५, २६, २७ र २८ नं वडा जितेको छ । नेकपा (एमाले)ले वडा नं १, ५, ६, ८, १५ र २० मा विजयी भएको छ । पोखरामा एक लाख ४३ हजार २२६ मत खसेको थियो । अहिले पोखराका वडा नं १०, ११, १६, १७, १८, १९, २९, ३० र ३१ को मतगणना जारी छ ।

## गठबन्धन मूलभूतरुपमा सफल : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, ७ जेठ**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्थानीय तहको निर्वाचनमा गठबन्धन मूलभूतरुपमा सफल भएको बताउनुभएको छ ।

उहाँले मध्यपुरथिमिमा गठबन्धनको मर्मलाई पक्डिन सफल देखिएको भन्दै अगाडि थप्नुभयो, "हामीले गठबन्धनबाट देशको राजनीतिमा परिवर्तन वा स्थायित्व र विकासको नयाँ यात्रा सुरु गर्न खोजेको हो, मूलभूतरुपमा गठबन्धन सफल भएको हो ।" उहाँले यो गठबन्धनलाई आउने प्रदेश र सङ्घीय निर्वाचन र त्यसपछि देशको विकास र समृद्धिको यात्रामा पनि लिएर जाने सङ्कल्प गरिएको र त्यसमा गठबन्धनमा रहेको दल दृढ रहेको बताउनुभयो । मध्यपुरथिमि नगरपालिकामा पाँच दलीय गठबन्धनको तर्फबाट विजयी उम्मेदवारलाई आज आफ्नै निवास खुमलटारमा बधाई दिँदै उहाँले गठबन्धनलाई निरन्तर अगाडि बढाउने विश्वास दिलाउनुभयो । उहाँले विजयलाई विकास, समृद्धि र जनताको हितमा बदल्ने सङ्कल्प गर्ने बेला भएको उल्लेख गर्नुभयो । अध्यक्ष दाहालले भन्नुभयो, "निर्वाचन अघि पनि जितेर आउने प्रतिबद्धता व्यक्त गरेर जानुभएको थियो, अहिले जितेर आउनुभएकामा तपाईहरु सबैलाई बधाई र कार्यकालको शुभकामना छ ।" उहाँले मध्यपुरथिमि भक्तपुरको एउटा ऐतिहासिक नगर भएको उल्लेख गर्दै जनताको पक्षमा हुने काम कारबाहीको प्रभाव र असर सिङ्गो भक्तपुरमा पर्ने बताउनुभयो ।

मध्यपुरथिमिमा निर्वाचित जनप्रतिनिधिबाट राम्रो काम भए एकाधिकार भएर बस्नेलाई पनि भोलिका दिन चुनौति दिन सकिने उहाँको धारणा थियो । "त्यहाँका जनताको विकास निर्माण, शिक्षा स्वास्थ्य रोजगारी, सफाइ सूचनालगायतका तपाईंहरुका काम कारबाहीको प्रभाव सिङ्गै भक्तपुर, उपत्यका र देशैभरि पनि सन्देश दिने स्थानमा तपाईहरु आउनुभएको छ", अध्यक्ष दाहालले भन्नुभयो । उहाँले विजयी जनप्रतिनिधिलाई अब राम्रो काम गर्ने चुनौति रहेकातर्फ सचेत पनि गराउनुभयो ।

वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार सुरेन्द्र श्रेष्ठले १५ हजार ९८ मत प्राप्त गरी प्रमुखमा विजयी हुनुभयो । उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले) का मदन सुन्दर श्रेष्ठले ११

**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## वडाध्यक्षमा तीन महिला विजयी

**पोखरापत्र संवाददाता**
**वालिङ, ७ जेठ**

स्याङ्जाका ९७ मध्ये तीन वडाको अध्यक्षमा महिला उम्मेदवार विजयी हुनुभएको छ । स्याङ्जाको कालीगण्डकी २, बिरुवा गाउँपालिका ३ र चापाकोट नगरपालिकाको ६ नं वडाको अध्यक्षमा महिला उम्मेदवार विजयी हुनुभएको हो । कालीगण्डकी गाउँपालिका २ मा नेपाली कांग्रेसकी खगीसरा आले विजयी हुनुभएको छ ।

कांग्रेस र जनमुक्ति पार्टीबीच गठबन्धन भएको उक्त वडामा विजयी हुनुभएकी आलेले कूल एक हजार ३३३ मत प्राप्त गर्नुभयो । उहाँका प्रतिस्पर्धी नेकपा एमालेका श्रीराम पाण्डेले ४३१ मत प्राप्त गर्नुभयो । उक्त वडामा कूल एक हजार ८९० मत खसेको निर्वाचन अधिकृत रामप्रसाद अधिकारीले जानकारी दिनुभयो । त्यस्तै बिरुवा गाउँपालिका-३ को अध्यक्षमा माओवादी केन्द्रकी मनकुमारी थापा विजयी हुनुभएको छ । थापाले कूल ४९५ मत ल्याएर निर्वाचित हुनुभयो भने उहाँका प्रतिस्पर्धी एमालेका सन्तबहादुर आलेले ४१८ मत प्राप्त गर्नुभयो । उता चापाकोट नगरपालिका-६ मा कांग्रेसकी तारादेवी पोखरेल २१ मतान्तरले निर्वाचित हुनुभयो । विजयी हुनुभएकी पोखरेलले ४३६ प्राप्त गर्नुभएको हो भने उहाँका प्रतिस्पर्धी स्वतन्त्र उम्मेदवार ज्ञानेश्वर बस्ताकोटीले ४१५ मत ल्याउनुभयो ।

यसअघि २०७४ मा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा फेदीखोला, अर्जुनचौपारी र हरिनास गाउँपालिकाका एक/एक वडाको अध्यक्षमा महिला निर्वाचित हुनुभएको थियो । फेदीखोला-५ मा देउकुमारी गुरुङ, अर्जुनचौपारी-४ मा जीतकुमारी चपाई र हरिनास-७ मा केशमाया थापा विजयी हुनुभएको थियो ।


### हार्दिक धन्यवाद

**यहि बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा पोखरा महा( नगरपालिका वडा नं. २ निवासी सम्पूर्ण वडावासी मतदाताहरुमा आफ्नो उल्लेखनीय सहभागिता जनाउनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस निर्वाचनलाई शान्तिपूर्ण तथा व्यवस्थित तरिकाले सम्पन्न गर्नाका लागि महत्वपूर्ण सहयोग गर्नुहुने वडावासी निर्वाचनमा खटिनु भएका कर्मचारी सँगै सुरक्षाकर्मी र पत्रकारहरुमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) पोखरा-२ वडा कमिटी परिवार हार्दिक धन्यवाद व्यक्त गर्दछ ।**

**का. अध्यक्ष**
**क. धर्मराज सुवेदी**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फ्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जामा प्रमुखका महिला उम्मेदवार पराजित

**प्रकाश डोटेल**
**स्याङ्जा, ७ जेठ**

स्याङ्जामा तीन पालिकाका प्रमुख तथा अध्यक्ष पदमा उम्मेदवारी दिएका तीन महिला पराजित भएका छन् । जिल्लाका ११ पालिकामध्ये पुतलीबजार नगरपालिका, कालिगण्डकी गाउँपालिका र अर्जुनचौपारी गाउँपालिकाका प्रमुख तथा अध्यक्ष पदमा उम्मेदवारी दिएका तीनै जना महिला पराजित भएका हुन् ।

जिल्ला सदरमुकामको पुतलीबजार नगरपालिकाको प्रमुखमा नेकपा एमालेकी केन्द्रीय सदस्य समेत रहेकी सीमाकुमारी क्षेत्री, कालीगण्डकी गाउँपालिकाको अध्यक्षमा नेपाली काँग्रेस महाधिबेशन प्रतिनिधि माया राना र अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षमा एमालेकी चीनमाया गुरुङले उम्मेदवारी दिएका थिए। पुतलीबजार नगरप्रमुखपदमा उम्मेदवारी दिएकी क्षेत्री यसअघि नगर प्रमुख थिईन् । २०७४ को



निर्वाचनमा काँग्रेसका तुल्सीराम रेग्मीलाई झण्डै १२ सय मतान्त्ररले पराजित गरेकी क्षेत्री भर्खर सम्पन्न निर्वाचनमा उनै रेग्मीबाट २४ बढि मतले पराजित बन्न पुगेकी छन् । रेग्मीले १२ हजार ४९४ मत पाउँदा क्षेत्रीले १० हजार ९० मत प्राप्त गरिन् । कालीगण्डकी गाउँपालिकाको अध्यक्षमा कांग्रेसका तर्फबाट उम्मेदवारी दिएकी राना एमालेका उम्मेदवार खिमबहादुर थापासित पराजित भईन् । अध्यक्ष पदमा निर्वाचित थापाले छ हजार ७०० मत ल्याउँदा राना पाँच हजार ५५ मत ल्याएर पराजित बन्न पुगिन् । थापा यसअघि भएको निर्वाचनमा अध्यक्षमा विजयी उम्मेदवार हुन् । उता अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षमा उम्मेदवारी दिएकी गुरुङ कांग्रेसका प्रकाश तिवारीसँग पराजित भएकी हुन् । गाउँपालिकाको अध्यक्षमा विजयी तिवारीले पाँच हजार २९१ मत प्राप्त गर्दा प्रतिद्वन्द्वी गुरुङले तीन हजार ३४७ मत ल्याईन् । गुरुङ २०७४ मा गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित भएकी थिईन् ।

२०७४ को स्थानीय निर्वाचनमा पुतलीबजारको प्रमुख बनेर क्षेत्रीले अपेक्षाकृत काम गर्न नसक्दा रेग्मीसँग पराजित बन्न बाध्य भएकी छन् भने यसअघिको निर्वाचनमा उपाध्यक्षमा निर्वाचित गुरुङ् कार्यकालभरी विवादित बन्दा तिवारीसँग पराजित बन्न पुगिन् । कालीगण्डकी गाउँपालिकाको अध्यक्षमा पुनः निर्वाचित थापा स्थानीय मतदाताबीच लोकप्रिय बन्दै गएका छन् ।

पालिका प्रमुखमा उम्मेदवारी दिएका तीनै जना महिला पुरुष उम्मेदारसँग पराजित भएका हुन् । प्रमुख पदमा महिला उम्मेदवार बनेर पराजित बन्दा जिल्लाका ११ स्थानीय तहमा उपप्रमुख पदमा भने महिला उम्मेदवार नै निर्वाचित भएका छन् ।

काँग्रेसबाट पुतलीबजारमा देबी अर्याल, भीरकोटमा भगवती रेग्मी, वालिङमा कविता तिवारी, गल्याङ्मा हेमा न्यौपाने, चापाकोटमा ईशा राना र अर्जुनचौपारीमा सपना गुरुङ् निर्वाचित भएका छन् । एमालेबाट आँधीखोलामा सिता थापा, फेदीखोलामा देउकुमारी गुरुङ्, हरिनासमा ईन्द्रकुमारी राना बिरुवामा भगवती शर्मा र कालीगण्डकीमा सावित्रा कोईराला निर्वाचित भएका छन् ।

# नेपाल अडिटर्स एसोसियसन (अडान) को छैटौ प्रदेश अधिबेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

नेपाल अडिटर्स एसोसियसन (अडान) गण्डकी प्रदेश समितिको छैटौ प्रदेश अधिवेशन नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाका परिशद सदस्य तथा समितिका अध्यक्ष केश बहादुर के.सी.को अध्यक्षतामा शुक्रबार सम्पन्न भएको छ ।

प्रमुख अतिथी अडानका केन्द्रीय अध्यक्ष मोहन राज रेगमीले उद्घाटन गर्नुभएको उक्त सभामा समितिको तर्फबाट प्रस्तुत आर्थिक वर्ष ०७७/०७८ को बार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरिएको थियो ।

समितिका सचिव पदमबन्धु पोखरेलले सञ्चालन गर्नुभएको उक्त सभामा, समितिले हालसम्म समिति र लेखा ब्यवशायको सर्वाङ्गीण विकासका लागि खुल्ला हृदयले योगदान दिने सदस्यहरुलाई सम्मान स्वरुप कदर पत्र प्रदान गरिएको थियो भने केन्द्रबाट उपस्थित अडान केन्द्रिय



समितिका बरिष्ठ उपाध्यक्ष केदारनाथ पौडेल, केन्द्रिय समिति सल्लाहकार सुर्य प्रसाद अधिकारी र माधब प्रसाद पराजुली, उपाध्यक्ष चन्द्र बहादुर थापा, सदस्य चन्द्र बहादुर सुवेदी र महासचिव झलकमणी लम्साल सहित अतिथीहरुले सल्लाह सुझाब सहित कार्यक्रमको शुभकामना दिनु भएको थियो । उपस्थित अतिथीहरुले नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाद्धारा जारी नेपाल लेखामान अनुसार लेखापरीक्षण गर्न सदस्यहरुलाई आवश्यक तालिम उपलब्ध गराउने र लेखापरीक्षक सदस्यहरुले कर्तब्यनिष्ठ भई लेखापरीक्षण कार्य गरि लेखा ब्यवशायलाई एक सम्मानित पेशाको रुपमा लिनु पर्ने सुझाब दिनुभएको थियो भने लेखापरीक्षकको हक हितका लागि समिति सधै प्रतिबद्ध रहने जनाउदै कार्यक्रमको सफलताको शुभकामना दिनुभएको थियो ।

अडानका केन्द्रिय महासचिव झलक मणी लम्सालको संयोजकत्वमा बनेको तीन सदस्यीय निर्वाचन समितिले पदमबन्धु पोखरेलको अध्यक्षतामा १८ सदस्य सहितको कार्यसमिति निर्वाचन गरेको नवनिर्वाचित सचिव पदम जि.सी. ले जानकारी गराउनु भयो ।

# मेरो नेपालसँग आयोजक पराजित

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

जनएकता युवा क्लबको आयोजनामा शनिबारदेखि क्लबस्तरीय प्रथम सेभेन ए साईड फुटबल प्रतियोगिता शुरु भएको छ ।

पोखरा-१४ स्थित रामेश्वरी माविको खेल मैदानमा भएको प्रतिस्पर्धामा शनिबारको पहिलो खेलमै आयोजक स्तब्ध बन्न पुगेको छ । जनएकता क्लब उदघाटन खेलमा स्थानीय मेरो नेपाल युवा क्लबसँग ३-२ गोल अन्तरले पराजित हुन पुग्यो । जनएकताका लागि सविन गुरुङ र रोशन न्यौपानेले गोल गरेका थिए । मेरो नेपालको लागि विनय सुनार, विनय थापा र अर्जुन खत्रीले गोल



गरेका थिए ।

प्रतियोगितामा ४६ क्लबको सहभागिता रहेको छ । प्रतियोगिताको गण्डकी खेलकुद परिषदका सदस्य सचिव तेजबहादुर गुरुङले उदघाटन गरेका थिए । प्रतियोगितामा विजेताले नगद १ लाख ११ हजार रुपैयाँ प्राप्त गर्ने छन् । उपविजेताले ६१ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्ने छन् ।

उत्कृष्ठ खेलाडीले नगद ५ हजार प्राप्त गर्ने छन् । त्यसैगरी उत्कृष्ट गोलकिपर, सर्वाधिक गोलकर्तालाई नगद ३/३ हजार रुपैयाँ प्रदान गरिने छ । क्लबको अध्यक्ष बेवबृजन खड्काको अध्यक्षतमा भएको उदघाटन समारोहमा सचिव घनश्याम अधिकारी(श्याम)ले कार्यक्रम सञ्चालन गरेका थिए ।

# शिक्षाको कार्यक्रम लिएर कोन सहकारी कमलपोखरीमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्थाको शिक्षा उपसमितिको आयोजनामा समुदायमा कोन अन्तर्गत शिक्षा कार्यक्रम शनिवार सम्पन्न भयो ।

पोखरा-१३ स्थित कमलपोखरी मार्ग टोल विकास संस्थाको परिवार विच सो कार्यक्रम गरिएको हो ।

कमलपोखरी मार्ग टोल विकास संस्थाका



अध्यक्ष इन्द्रवहादुर गुरुङले सहकारीले समुदायमा शिक्षा मार्फत जनचेताना दिन सुरु गरिएकोमा खुशी व्यक्त गरे । कोन सहकारीका महाप्रबन्धक अपिल कोईरालाद्वारा १०० जना उपस्थिति जनसमुदाय तथा वडावासीहरूलाई सहकारी तथा कोन सामुदायिकका बिषयमा सहजिकरण गरे । कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष तिर्थ बहादुर वस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा उपसमिति संयोजक तथा संचालक खड्क बहादुर गुरूङले सांचालन र शिक्षा उपसमिति सदस्य गोविन्द प्रसाद सिग्देलले स्वागत गरेका थिए । सोही कार्यक्रममा संस्थाका सचिव शान्त कुमार श्रेष्ठ र शिक्षा उपसमितिका सदस्य सपना सिग्देल लगाएत कर्मचारीहरूको बाक्लो उपस्थिति रहेको थियो ।

# जबर्जस्ती करणी आरोपमा पक्राउ

**रासस**
**काठमाडौं, ७ जेठ**

जबर्जस्ती करणी गरेको आरोपमा प्रहरीले काठमाडौँको स्वयम्भूबाट मनोज पाण्डेलाई पक्राउ गरेको छ ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार एक युवतीले आठ वर्षअघि सौन्दर्य प्रतियोगिता अयोजना गरी आफूमाथि जबर्जस्ती करणी गरेको सामाजिक सञ्जालबाट सार्वजनिक गरेपछि उक्त कार्यालयबाट खटिएको टोलीले शनिबार साँझ पाण्डेलाई नियन्त्रणमा लिएको हो ।

सामाजिक सञ्जालमा ती युवतीद्वारा सार्वजनिक श्रव्य सामग्रीमा पाण्डेमाथि सन् २०१४ मा मिस ग्लोबल इन्टरनेशनल नामक सौन्दर्य प्रतियोगिता आयोजना गरेको र कार्यक्रम सकिएपछि छ महिनासम्म आफूलाई धम्क्याएर करणी गरेको आरोप लगाइएको छ । उक्त घटनाको अनुसन्धानका लागि उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरी प्रधान कार्यालयले उक्त भिडियोमा उल्लिखित विषयमा अनुसन्धान गर्न प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति बनाएको छ । समितिले घटनाको विषयमा आवश्यक अनुसन्धान गरिरहेको संयोजक कुँवरले जानकारी दिनुभयो ।

# गठबन्धन...

हजार ३५ मत प्राप्त गर्नुभयो । उपप्रमुखमा माओवादी केन्द्रका विजयकृष्ण श्रेष्ठले १२ हजार १०२ मत प्राप्त गरी विजयी हुनुभयो । उहाँका निकटतम प्रतिद्वन्द्वी उत्तरा नेपालले आठ हजार ९८३ मत प्राप्त गर्नुभएको थियो । कूल नौ वडा रहेको सो नगरपालिकामा ४१ हजार ८४२ मतदाता थिए । कूल १७ मतदान केन्द्र रहेको मध्यपुरथिमिमा गठबन्धनका तर्फबाट विजयी उम्मेदवारले जनपक्षीय काम गर्ने प्रतिबद्धतासमेत जनाउनुभएको छ ।

# पोखरा-२८ को वडा अध्यक्षमा लामिछाने

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

पोखरा महानगरपालिका वडा नम्बर २८ को वडाध्यक्षमा नेपाली काँग्रेसका श्रीकृष्ण लामिछाने निर्वाचित भएका छन् । उनले निकटतम प्रतिद्वन्द्वी एमालेका बैनबहादुर गुरुङलाई १ सय ५२ मतान्तरले हराउँदै जित हाँसील गरेका हुन् । ३ हजार ७ सय ४ मतमा लामिछानेले १ हजार ६ सय ५८ मत ल्याए भने गुरुङले १ हजार ५ सय ६ मत



प्राप्त गरे ।

त्यस्तै महिला सदस्यमा पनि काँग्रेसकै डाल्डादेवी भुजेल विजयी बनेकी छन् । भुजेलले १ हजार ६ सय ५६ मत ल्याइन् । उनकी निकटतम प्रतिद्वन्द्वी राधिका पौडेलले १ हजार ४ सय ८० मत ल्याइन् । दलित महिला सदस्यमा पनि काँग्रेसकै इन्द्रकला कामी निर्वाचित भएकी छन् । कामीले १ हजार ५ सय ६२ मत ल्याइन् । प्रतिद्वन्द्वी एमालेकी सरु विश्वकर्माले १ हजार ५ सय १४ मत ल्याइन् । खुल्ला सदस्यमा नेपाली काँग्रेसका कमल थापा र नेकपा एमालेका बिरेन्द्र भण्डारीले जितेका छन् ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# मतगणना चाँडोभन्दा चाँडो गर

स्थानीय तहको निर्वाचनको मतगणना सकिन लागेको छ । केही महानगर, उपमहानगरपालिका र नगरपालिकाको मतगणना सकिन बाँकी छ । जेठ ५ गतेपछि स्थानीय तहका पुराना जनप्रतिनिधिको पदाबधि सकिएको छ । जेठ ५ गतेपछि नवनिर्वाचित प्रतिनिधिले सपथ लिएर पदबहाली गरेका छन । ३० वैशाखमा एकै चरणमा भएको स्थानीय निर्वाचनमा शनिबार रातिसम्म करिब ९५ प्रतिशत नतिजा आएको छ । सात सय ५३ स्थानीय तहमध्ये करिब ५ प्रतिशत स्थानीय तहको मतपरिणाम आउन बाँकी रहेको र अझै दुई चार  दिन लाग्ने आयोगले जनाएको छ । संवैधानिक व्यवस्थाअनुसार ०७४ मा निर्वाचित स्थानीय तहका प्रतिनिधिको कार्यकाल ५ जेठमा सकिने समय आयोगले तोकेको थियो र, यसैअनुसार उसले निर्वाचन र मतगणना गरेको थियो । तर, ६ महानगरसहित सात सय ५३ मध्ये करिब पाँच प्रतिशतमा मतगणना सकिएको छैन भने परिणाम आएका ठाउँमा पनि सबै प्रतिनिधिले शपथ लिएर कार्यभार सम्हालिसकेका छैनन् ।

संविधानको धारा २१५ को उपधारा ६ मा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुने तथा धारा २१६ को उपधारा ६ मा नगरपालिकाको मेयर, उपमेयर, वडाध्यक्ष र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुने व्यवस्था छ । सरकारले समयमै निर्वाचन सम्पन्न नगर्दा स्थानीय तहमा जनप्रतिनिधिविहीनताको अवस्था आएको छ । यद्यपि, अहिलेको अवस्थामा केही स्थानीय तहमा केही दिन रिक्तता रहँदा ठूलो संवैधानिक संकट भने रहनेछैन । तर, यसबाट अर्को निर्वाचनका लागि पाठ सिक्नुपर्ने भएको छासंविधानले स्थानीय तहमा शून्यताको परिकल्पना नगरेको भए पनि मतगणना नसकिएका स्थानीय तहमा केही दिन शून्यता रहने छ । जनप्रतिनिधि खालीभएको विषय अदालत जान सक्छ ।

निर्वाचन सम्पन्न भइसकेको र मतगणनाको प्राविधिक काम मात्रै बाँकी रहेकाले त्यस अवधिसम्म जनप्रतिनिधिविहीन बन्नेछात्यही बुझेर निर्वाचन आयोगले जेठ पाँच गतेसम्म मतगणना सक्न निर्देशन दिएको थियो ।झण्झटिलो मतपत्र,गणनास्थल र दल तथापि उमेदवारका कारण विलम्ब भएको छ । जनप्रतिनिधिको पद जेठ पाँच गतेबाट रिक्त भएको होइन । जस–जसले राजीनामा दिए, त्यही दिनबाट रिक्त भइसकेको छ । जब कि स्थानीय तह पनि सरकार हो र सरकार रिक्त हुने कल्पना संविधानले गरेको छैन । यसअघिको स्थानीय निर्वाचन तीन चरणमा भयो, अहिले एकै चरणमा भएपछि केही जनप्रतिनिधिको कार्यकाल पाँच वर्ष पुग्दैन । अब नयाँ निर्वाचितले शपथ लिएसँगै पहिलेका जनप्रतिनिधि स्वतः पदमुक्त हुन्छन् ।

राजनीतिक, कानुनी र प्राविधिक कारणले झन्डै पाँच  प्रतिशत स्थानीय तह जनप्रतिनिधिविहीन बनेका छन् । यसमा सबैभन्दा पहिलो कारण अन्तिम समयमा निर्वाचन गर्नु हो । ५ जेठमा कार्यकाल सकिने स्पष्ट पार्दै आयोगले १४ र २२ वैशाखमा दुई चरणमा स्थानीय निर्वाचन गर्न प्रस्ताव गरेको थियो । तर, सरकार र राजनीतिक नेतृत्व सुरुमा संघीय निर्वाचन गर्ने तयारीतिर लागे । तर, राजनीतिक र कानुनी रूपमा जटिल भएपछि २४ मंसिरमा सरकारले ३० वैशाखमा एकै चरणमा निर्वाचन गर्ने गरी मिति तोकेको थियो । ०७४ का जनप्रतिनिधिको कार्यकाल सकिनुभन्दा एक साताअघि निर्वाचन त भयो, तर धेरै मतदाता रहेका महानगर र उपमहानगरसहितका केही पालिकामा मतगणनामा ढिलाइ भयो । केही केन्द्रमा पुनः मतदान पनि गराउनुपऱ्यो । जसका कारण स्थानीय तह जनप्रतिनिधिविहीन नहोस् भन्ने आयोगको योजना पूरा हुन सकेन । हुन त आयोगले स्थानीय सरकारमा जनप्रतिनिधिविहीनता हुने अवस्थालाई मध्यनजर गर्दै ५ जेठभित्र नै मतगणना सम्पन्न गर्न निर्देशनसमेत दिएको थियो । तर, सबै पालिकामा मतगणना ५ जेठभित्र सम्पन्न गर्न अधिकतम प्रयास गरिए पनि सम्भव भएको छैन ।

०७४ मा तीन चरणमा स्थानीय निर्वाचन भएको थियो । त्यसवेला ३१ वैशाख, १४ असार र २ असोजमा गरी तीन चरणमा निर्वाचन भएको थियो । तर, कार्यकाल एकैपटक सकिने वा निर्वाचनको मिति भन्ने विवाद रहेकै वेला ३० वैशाखमा एकै चरणमा निर्वाचन घोषणा भयो । त्यसपछि उनीहरूको कार्यकालको विषय सर्वोच्च अदालतसम्मै पुगेको थियो । सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले एकै चरणमा निर्वाचन गर्दा सबै जनप्रतिनिधिको कार्यकाल पूरा नहुने भन्दै निर्वाचन रोक्न माग गरेका थिए । तर, सर्वोच्चले ६ वैशाखमा उनको रिट खारेज गरिदियो । यससँगै आयोगलाई ३० वैशाखको निर्धारित मितिमा स्थानीय तह निर्वाचनको बाटो खुलेको थियो । निर्वाचन त एकै चरणमा भयो, तर मतगणनाको गति सुस्त देखियो, जसले कैयौं स्थानीय तहमा शून्यताको अवस्था पैदा  हुनु राम्रो होइन । निर्वाचन आयोगको निर्देशन अनुरुप छिटोभन्दा छिटो मतगणना सक्न राजनीतिक दल, नागरिक समाज सबैले सघाउनु पर्दछ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : शारीरिक झमेला | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : मन चन्चल |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तीन वर्षपछि सती घाटु

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ जेठ**

महामारी थामिएर स्थिति सहज बनेपछि यहाँको सती घाटुले पुनः निरन्तरता पाएको छ । कोरोनाको जोखिमले दुई वर्षसम्म घाटुको परम्परा रोकिएको थियो ।

घाटु नाचलाई तीन वर्षपछि जगाइएको घाटु संरक्षण समितिका संयोजक गिरीप्रसाद थापाले बताउनुभयो । गलकोट नगरपालिका–१०पाण्डवखानीमा सती घाटु प्रचलित छ ।

बर्सेनि वैशाख कृष्ण औंसीमा सुरु हुने घाटु जेठको तेस्रो साता विर्सजन हुन्छ । "बुद्ध पूर्णिमाका दिन विशेष रूपमा घाटु चल्यो, अब यही जेठ २० गते फेरि घाटु देखाइन्छ, २१ गते विधिवत अन्त्य हुन्छ", संयोजक थापाले भन्नुभयो।पहिलेपहलेभैँ भव्यता दिन नसकिए पनि जेनतेन घाटुको संस्कृति धानिएको उहाँको भनाइ छ । यसपालिको सती घाटुमा बिना पुन, स्नेहा पुन, धनमाया घर्ती र सृष्टि बस्नेत घाटुनीका रूपमा हुनुहुन्छ । घाटु नाच्नेलाई घाटुनी भनिन्छ । "जोकोहीलाई घाटु उत्रन्न, अहिलेका घाटुनी सबै नयाँ हुन्", संयोजक थापाले भन्नुभयो, "राजाको वियोगमा रानी सती गएको कथालाई गीतिलयमा ढालेर रानीको प्रतिकको रूपमा घाटुनीहरू नृत्य गर्छन् ।"

घाटु नाच देखाउनुपूर्व घाटुका गुरुहरूको सम्झनामा पूजाआजा गर्ने चलन छ । वर्षभरिमा कसैलाई दुःखकष्ट नपरोस्, बाटोमा हिँड्दा ठेस नलागोस्, सबैको भलो होस् भनेर कामना गरिन्छ । घाटुका गुरुबासमेत रहनुभएका थापाका अनुसार औंसीबाट सुरु हुने भएपनि पूर्णिमाका दिन विशेष रूपमा घाटु देखाउने परम्परा छ । सोही अवसरमा पाण्डवखानीमा लाग्ने वैशाखे पूर्णिमा मेलाको मुख्य आकर्षण पनि सती घाटु हुने गर्छ । योपटक भने स्थानीय तह चुनाव परेकाले मेला हुन सकेन । मेला नचलेपनि घाटु नाचले गाउँमा रौनक ल्याएको घुम्टे सांस्कृतिक तथा प्राकृतिक संरक्षण मञ्चका सहसचिव सुरेश छन्त्यालले बताउनुभयो ।

मञ्च पनि घाटुको संरक्षण र जगेर्नामा सक्रिय छ । बर्सेनि माघमा फुक्ने (सुरु हुने) भए पनि वैशाख कृष्ण औँसीदेखि मात्र पाण्डवखानीमा घाटु देखाइन्छ । जेठ अन्तिम साता समापन गरेपछि माघसम्म घाटु नचाउन मिल्दैन । तत्कालीन पर्वते राजा परशुराम र रानीको जीवनकथामा आधारित सती घाटु गीतिनाटकको शैलीमा प्रस्तुत गर्ने गरिन्छ । युद्धमा राजाको वीरगतिपछि रानीहरूको बिनौला गीत र नृत्यमार्फत घाटुमा अभिव्यक्त हुने गर्छ ।

गीतकै सुरमा घाटुनीहरूको आँखा बन्द हुने, ढल्ने र पुनः गीतबाटै उनीहरूलाई उठाउने गरिन्छ । महिला र पुरुष कलाकारले समूहमा बसेर कारुणिक गीत गाउँछन् । घाटुनीहरू गीतको सुरमा लठ् ठिएर नाच्छन् । बिहान सुरु भएको घाटु मध्यरातपछि मात्र पूरा हुन्छ । नृत्यकै क्रममा आँखा पुरै बन्द हुनुमा कुनै 'अलौकिक शक्ति' रहेको जनविश्वास छ । सती घाटुमा कथा अनुसार अइरा, सतीलगायत विभिन्न खण्डहरू हुने संयोजक थापाले बताउनुभयो । अइरा खण्डमा रोपाइँ र ढ्याङ्ग्रो नाच देखाउने गरिन्छ । "सती खण्डमा घाटुनीहरू मुर्छित भएर ढल्छन्, जुन क्षण एकदम कारुणिक हुन्छ", संयोजक थापाले भन्नुभयो ।

भगवान् शिवजीले जोगीको भेषमा राजासँग निहुँ खोजेपछि रानी मुर्छित भएर ढलेको कथा सती घाटुमा छ । घाटुनीहरू गीतबाटै ढल्ने र गीतबाटै उठ्ने हुँदा सती घाटुमा अदृश्य शक्ति रहेको विश्वास गरिन्छ ।

घाटु नाचको कुनै लिखित इतिहास नभए पनि तत्कालीन गलकोटे राजा खानी खन्ने क्रममा त्यहाँ जाँदा घाटु नाच पनि सँगै लिएर गएको गाउँका अगुवा बताउँछन् । पाण्डवखानीसँगै छिमेकी गाउँ रिघा, सिसाखानीलगायत मगर समुदाय भएका ठाउँमा सती घाटुको प्रचलन छ ।

# बागलुङमा पहिलो पटक दुरबिन प्रविधिबाट शल्यक्रिया

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ जेठ**

बागलुङको धौलागिरि अस्पतालमा पहिलो पटक दुरबिन प्रयोग गरी शल्यक्रिया गरिएको छ । दुरबिनको प्रयोगबाट बागलुङ नगरपालिका–१२ अमलाचौरकी २९ वर्षीया महिलाको अण्डासयमा जमेको पानी निकालिएको हो ।

अस्पतालका चिकित्सक केशव आचार्य नेतृत्वको समूहले उक्त शल्याक्रिया गरेको हो । पहिलो प्रयास नै सफल भएपछि अब दुरबिनद्वारा शल्यक्रिया गर्ने काममा हौसला मिल्ले डा आचार्यले बताउनुभयो ।

शल्यक्रिया गराएकी महिलाको स्वास्थ्य सामान्य रहेको अस्पतालले जनाएको छ । "दुरबिनको प्रयोग गरेर शल्यक्रिया गर्दा पेटमा ठूलो घाउ पार्नु पर्दैन", उहाँले भन्नुभयो, "यसबाट बिरामी छिट्टै निको हुने, घाउ पाक्ने जोखिम पनि कम हुने र समयका हिसाबले पनि छिटोछरितो हुने  हुन्छ ।"

शल्यक्रियामा डा केशव आचार्य, डा सजिन कुँवर, डा प्रज्ज्वल पौडेल, डा गणेश वन र नर्स शर्मिला शर्माको समूह सहभागी थियो । "हामी ढुक्क भएर काम गरेका थियौँ, बिरामी जोखिममा थिएन्", डा. आचार्यले भन्नुभयो, "नयाँ प्रविधि भएकाले यो पहिलो प्रयास जोखिमपूर्ण हुने नै भयो ।" यसको सुरुआतसँगै समान्य र जटिल सबै खालका शल्यक्रियामा सहयोगी बन्ने उहाँले बताउनुभयो । धौलागिरि अस्पतालबाटै यो सेवा सुरु भएकाले बागलुङ, पर्वत, म्याग्दीका बिरामीलाई अब पोखरा काठमाडौँ जाने झन्झट कम हुने भएको छ ।




महिला हिंसा विरुद्ध पोखरामा प्रदर्शनः  महिला हिंसा तथा बलत्कारका घटनामा संलग्नलाई कारवाही तथा यस सम्बन्धी कानुनमा कडाईको माग गर्दै पोखरामा शनिबार आयोजित प्रदर्शनमा सहभागीहरु । तस्वीर : राधिका कँडेल, ससस

# नविल बैंक वालिङ शाखाद्वारा राहत रकम प्रदान

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ७ जेठ**

नविल बैंक लिमिटेड वालिङ शाखा कार्यालयले सेवाग्राहीलाई राहत रकम प्रदान गरेमने छ ।

घातक रोग लागेमा तथा मृत्यु भएमा सेवाग्राहीलाई राहत स्वरुप लपलब्ध गराउने रकम स्याङ्जाको एक परिवारलाई प्रदान गरेको हो । चापाकोट नगरपालिका ३ दिसिङ् कोटकी कृष्ण कुमारी सारुका श्रीमान श्याम बहादुर थापालाई उक्त रकम प्रदान गरिएको छ ।

सारुको उपचार खर्च ३ लाख रुपैयाँ र क्रिया खर्च वापत ७५ हजार गरी ३ लाख ७५ हजार रुपैयाँ प्रदान गरिएको बैंकका शाखा प्रमुख विशाल बरालले जानकारी दिए । बैंकले घातक रोग लागेमा उपचार खर्च ३ लाख र मृत्यु भएमा क्रिया खर्च वापत ७५ हजार रुपैयाँ उपलब्ध गराउँदै आएको छ । बैंकले दिएको जानकारी अनुसार १६ वर्षदेखि ६५ वर्ष उमेरका सेवाग्राहीले खातामा न्यूनतम ३५ हजार जम्मा गरेमा राहत स्वरुप रकम पाउने छन् ।

# हरिचौर–मल्म–दर्लिङ सडक कालोपत्र गरिने

**पोखरापत्र संवाददाता**
**गलकोट, ७ जेठ**

बागलुङ क्षेत्र नं २ अन्तर्गत एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक कालोपत्र हुने भएको छ । विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर)लगत्तै उक्त सडक कालोपत्रका लागि ठेक्का लगाइएको छ ।

गलकोट नगरपालिकाको हरिचौरदेखि मल्म, पाण्डवखानी, रमुवा रणसिंहकिटेनी, भीमगिठे, दर्लिङहुँदै निसीखोला प्यूठान जोड्ने सडक कालोपत्रका लागि प्रक्रियामा गएको हो । साढे दुई वर्षभित्र आवश्यक सानाठूला पूर्वाधार निर्माणसहित सडक कालोपत्र गर्न सडक डिभिजन कार्यालयले ठेक्का आह्वान गरेको हो । उक्त सडकसँगै तीन जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले पाँच सडक कालोपत्रका लागि ठेक्का निकालेको जनाएको छ । उक्त सडक ठेक्का सम्झौता भएको साढे दुई वर्षमा १० किलोमिटर सडक कालोपत्र भइसक्ने सडक डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी तथा इञ्जिनियर कृष्णबहादुर खड्काले जानकारी दिनुभयो । उक्त सडकलाई झण्डै रु ४० करोडभन्दा बढी लागत अनुमानका आधारमा डिपिआर तयार गरिएको थियो । "डिपिआर, वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरी वैशाख १५ गते पूर्वाधारसहित कालोपत्र गर्न ठेक्का आह्वान गरेका छौं अहिले प्रक्रियामा छ", खड्काले भन्नुभयो, "यस क्षेत्रका सांसदले सिफारिस गरेको यस सडक ठेक्का सम्झौताको साढे दुई वर्षमा कालोपत्र भइसक्नेछ, उक्त सडक लामो भए पनि अहिले १० किलोमिटर सडक कालोपत्र गरिनेछ ।" झण्डै ४० किलोमिटर लामो उक्त सडक पनि सुरुको विन्दुबाट काम हुँदै जाने सडक डिभिजन कार्यालयल बागलुङले जनाएको छ । लामो समय बजेट अभावले कालोपत्र गर्न ठेक्कामा जान नसकेको सडक यस क्षेत्रका संसद् तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले बजेटको व्यवस्थापन गर्नुभएको हो । यो ठेक्काअन्तर्गत पहिलो चरणमा गलकोटको हरिचौर बजारदेखि मल्म हुँदै पाण्डवखानीसम्मको १० किलोमिटर सडक कालोपत्र हुनेछ । कालोपत्र हुँदा यहाँका नागरिकलाई यात्रामा निकै सहजता हुने गलकोट नपा–७ मल्मका वडाध्यक्ष राजबहादुर थापाले बताउनुभयो ।

उक्त सडकको १० किमीमा नाली, पर्खाल, कल्भर्टलगायतका पूर्वाधार निर्माणपश्चात् सडक कालोपत्र गरिनेछ ।

# म्याग्दीका पालिका र वडामा महिला नेतृत्व शून्य

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ७ जेठ**

म्याग्दीका गाउँपालिका, नगरपालिका र वडामा महिलाको नेतृत्व शून्य भएको छ । जिल्लाका छवटा स्थानीय तह र ४५ वटा वडाको नेतृत्वमा सबै पुरुष उम्मेदवार निर्वाचित भएका हुन् । प्रमुख र अध्यक्ष पदमा सबै पुरुष निर्वाचित हुँदा उपाध्यक्षमा पाँच महिला र एक पुरुष उम्मेदवार विजयी भएका छन् ।

नगर र गाउँपालिकाको नेतृत्वका लागि तीन र वडाको नेतृत्वका लागि दुई महिला उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए । उनीहरु सबै पराजित हुँदा पालिका र वडाको नेतृत्वमा महिलाको उपस्थिति शून्य भएको हो । धवलागिरि गाउँपालिकाको अध्यक्षमा नेकपा (एमाले)बाट उम्मेदवार बन्नुभएकी थमसरा पुन कांग्रेसका प्रेमप्रसाद पुनसँग पराजित हुनुभयो । नेकपा (माओवादी केन्द्र)बाट रघुगङ्गा गाउँपालिका अध्यक्षको उम्मेदवार बन्नुभएकी मीना विश्वकर्मा तेस्रो बन्नुभयो ।

राप्रपाबाट बेनी नगरपालिकाको प्रमुखको उम्मेदवार बन्नुभएकी मीनाकुमारी शर्मा चौथो बन्नुभयो । मङ्गला गाउँपालिकाको वडा नं ४ मा एमालेले लक्ष्मीकुमारी बुढाथोकी र माओवादी केन्द्रले मनमाया चोचाङ्गीलाई वडाध्यक्षको उम्मेदवार बनाएका थिए । कांग्रेसका लालबहादुर रोकाले दुवै जनालाई पराजित गरेर वडाध्यक्षमा निर्वाचित हुनुभयो । स्थानीय तहको पहिलो कार्यकालमा धवलागिरिको अध्यक्षमा एमालेका थमसरा पुन, सोही पालिकाको वडा नं ५ मा कांग्रेसका खर्ककुमारी छन्त्याल र मालिका गाउँपालिका–५ को अध्यक्षमा कांग्रेसका पिपला बुढाथोकी वडाध्यक्षमा निर्वाचित हुनुभएको थियो । दलहरूले नेतृत्व तहमा महिलालाई अवसर नदिएका कारणले निर्वाचित हुनेको सङ्ख्या पनि कम भएको म्याग्दी बहुमुखी क्याम्पसका उपप्रध्यापक रेखाकौशल रेग्मीले बताउनुभयो ।

जिल्लामा नेकपा (एमाले)ले एक नगरप्रमुख, तीन गाउँपालिका अध्यक्ष, तीन उपाध्यक्ष, २२ वडाध्यक्ष, २१ महिला सदस्य, २३ दलित महिला सदस्य र ४५ खुला सदस्य गरी १८८ पदमा जितेको छ । कांग्रेसले दुई गाउँपालिका अध्यक्ष, एक उपाध्यक्ष, १७ वडाध्यक्ष, १८ महिला सदस्य, १६ दलित महिला सदस्य, ३४ खुला सदस्य गरी कूल ८८ पदमा जितेको छ ।

माओवादी केन्द्रले एक उपप्रमुख, एक उपाध्यक्ष, छ वडाध्यक्ष, छ दलित महिला सदस्य, छ महिला सदस्य र १० खुला सदस्य गरी ३० पदमा जितेको छ । धवलागिरि गाउँपालिका–१ गुर्जाका गुनराम छन्त्याल म्याग्दीमा निर्वाचित हुने एक मात्र स्वतन्त्र उम्मेदवार बन्नुभएको छ ।

# म्याग्दीमा सात प्रतिशत मत बदर

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ७ जेठ**

हालै सम्पन्न स्थानीय तह निर्वाचनमा म्याग्दीमा सात प्रतिशतभन्दा बढी मत बदर भएको छ ।

जिल्लाका छ स्थानीय तहको प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्ष, दलित महिला, महिला र खुला सदस्य पदमा खसेको मतको ७.५७ प्रतिशत मत बदर भएको हो । कूल ८३ हजार ६८२ मतदातामध्ये ५४ हजार ६७८ अथवा ६५.०२ प्रतिशत मत खसेकामा ९२.४३ प्रतिशत मत सदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

कूल खसेकामध्ये पूर्णरुपमा ०.७३ प्रतिशत अथवा ४६८ र सातवटै पदमा कूल चार हजार ९९२ मत बदर भएको जिल्ला निर्वाचन अधिकारी भीमप्रसाद घिमिरेले जानकारी दिनुभयो । विसं २०७४ को पहिलो स्थानीय तह चुनावमा म्याग्दीका छवटा स्थानीय तहमा दुईदेखि ११ प्रतिशतसम्म मत पूर्णरुपमा बदर भएको थियो । मतदाता शिक्षा र अनुभवका कारणले यसपालीको चुनावमा अघिल्लो भन्दा बदर मतको दर घटेको जिल्ला निर्वाचन अधिकारी घिमिरेको भनाइ छ । छ स्थानीय तह र ४५ वडा रहेको म्याग्दीमा निर्वाचित हुने २३७ पदका लागि ७१८ उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका थिए । नेकपा एमालेले एक नगरप्रमुख, तीन गाउँपालिका अध्यक्ष/तीन उपाध्यक्ष, २२ वडाध्यक्ष, २१ महिला सदस्य, २३ दलित महिला सदस्य र ४५ खुला सदस्य गरी १८८ पदमा जितेको छ । कांग्रेसले दुई गाउँपालिका अध्यक्ष, एक उपाध्यक्ष, १७ वडाध्यक्ष, १८ महिला सदस्य, १६ दलित महिला सदस्य, ३४ खुला सदस्य गरी कूल ८८ पदमा जितेका छन् । नेकपा माओवादी केन्द्रले एक उपप्रमुख, एक उपाध्यक्ष, छ वडाध्यक्ष, छ दलित महिला सदस्य, छ महिला सदस्य र १० खुला सदस्य गरी ३० पदमा जितेको छ ।

धौलागिरि गाउँपालिका-१ गुर्जाका गुनराम छन्त्याल म्याग्दीमा निर्वाचित हुने एकमात्र स्वतन्त्र उम्मेदवार बन्नुभएको छ । म्याग्दीका सबै स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिलाई प्रमाणपत्र वितरण, पद तथा गोपनीयताको शपथ ग्रहण गराइसकिएको छ । नवनिर्वाचित जनप्रतिनिधिले पदभारसमेत ग्रहण गरिसकेका छन् । निर्वाचित जनप्रतिनिधिको मतदानबाट चुनिने कार्यकालिका सदस्यको चुनाव प्रक्रिया थालिएको छ ।

# खुम्चियो महिलाको नेतृत्व

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ जेठ**

दलहरू गठबन्धन गरेर निर्वाचनमा प्रतिस्पर्धा गर्दा यहाँका स्थानीय तहमा महिलाहरूको नेतृत्व सङ्ख्यात्मक रुपमा खुम्चिएको छ । सक्षम भएर पनि महिलाहरू स्थानीय तहको नेतृत्वमा आउनबाट बञ्चित हुनुपरेको हो ।

यहाँ पनि नेकपा (एमाले)का विरुद्ध पाँचदलीय गठबन्धन चुनावी प्रतिस्पर्धामा थियो । गठबन्धनबाट अधिकांश स्थानीय तहको प्रमुख-उपप्रमुख र अध्यक्ष-उपाध्यक्ष पदमा पुरुष उम्मेदवार थिए । राजनीतिमा महिला सहभागिता बढाउन संवैधानिकरूपमै स्थानीय तहको प्रमुख या उपप्रमुखमा महिला हुनुपर्ने व्यवस्था भए पनि गठबन्धनकै कारण उनीहरू नेतृत्वमा आउने बाटो रोकिएको हो । गठबन्धनबाट स्थानीय तहको प्रमुखमा एकमात्र महिला उम्मेदवार नेपाली कांग्रेसकी गण्डकी थापा अधिकारी बडिगाड गाउँपालिकाको अध्यक्षमा विजयी हुनुभएको छ । गठबन्धनमा आवद्ध दलले अरु स्थानीय तहको प्रमुख-उपप्रमुखमा महिलालाई उम्मेदवार नै बनाएनन् । एमालेले भने बागलुङ नगरपालिकाबाहेक नौवटै स्थानीय तहको उपप्रमुख-उपाध्यक्षमा महिला उम्मेदवार बनाए पनि सबै पराजित भए । प्रमुख-अध्यक्षमा भने एमालेले पनि महिला उम्मेदवार खडा गर्न सकेको थिएन । तमानखोला गाउँपालिकामा गठबन्धन नगरी एक्लै लडेको कांग्रेसले उपाध्यक्षमा हिराकुमारी छन्त्याललाई जिताउन सफल भएको छ । गठबन्धन गरिएको भए उक्त पदमा अन्य दलबाट पुरुष नै आउने स्थिति बन्थ्यो । गठबन्धन गरे पनि दलहरुले महिला उम्मेदवारलाई अघि सार्न नसक्दा नेतृत्वमा पुरुष नै हावी भएका हुन् । दलहरुले उम्मेदवार छनोटमा पुरुषलाई नै प्राथमिकता दिएपछि महिलामा असन्तुष्टि पनि बढेको थियो ।

टिकट नपाएपछि केही महिलाले एकाएक दल फेरेर उम्मेदवारी दिने आँटसमेत गरे । विसं २०७४ को स्थानीय चुनावमा यहाँका छ स्थानीय तहको उपप्रमुख-उपाध्यक्षमा महिला निर्वाचित भएका थिए । तीमध्ये यसपटकको चुनावमा कोही पनि उम्मेदवार बन्न पाएनन् ।

अघिल्लो चुनावमा पनि केही स्थानीय तहमा दलहरूबीच गठबन्धन भएकाले दुवै पदमा पुरुष आएका थिए । यसपटकको चुनावमा एक अध्यक्ष र एक उपाध्यक्ष गरी दुई महिला नेतृत्वमा आएका छन् । दश स्थानीय तहमा रहेका ८५ वडाको वडाध्यक्षमा पनि पुरुषकै प्रतिनिधित्व छ । गठबन्धनका नाममा महिलाहरूलाई मुख्य पदमा आउनबाट रोकन नहुनेमा यहाँका राजनीतिक दलका महिला सङ्गठनले चुनावको मनोनयनअघि नै ध्यानाकर्षण गराए पनि खासै सुनुवाइ हुन सकेन ।

# बागलुङ नगरपालिकामा आठ उम्मेदवारको धरौटी जफत

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ जेठ**

वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा बागलुङ नगरपालिकामा उम्मेदवार बनेका पाँच राजनीतिक दलका उम्मेदवारको धरौटी जफत भएको छ । कूल सदर मत खसेको १० प्रतिशत मत नल्याएका दलका उम्मेदवारको धरौटी जफत हुने कानुनी व्यवस्थाअनुसार नगरप्रमुख र उपप्रमुखका आठ उम्मेदवारको धरौटी रकम जफत भएको हो । कूल ४० हजार ४१८ मतदाता रहेकामा सो नगरपालिकाका १४ वडामा २५ हजार ७९२ मत खसेको थियो ।

नगरपालिकामा खसेको २४ हजार ८०० मतमध्ये पाँच पार्टीका नगरप्रमुख र उपप्रमुखका उम्मेदवारले १० प्रतिशत मत ल्याउन नसकेपछि उनीहरूको धरौटी जफत भएको छ ।

नगरप्रमुखका उम्मेदवार विवेकशील साझा पार्टीका सुरज खड्काले ५४ मत, नेपाल दलित पार्टीका भक्तबहादुर रसाईलीले ६३ मत, नेपाली कांग्रेस 'बिपी' का धना आचार्यले १२ मत, नेकपा (माले)का मन्जु क्षेत्रीले २६ मत, र नेपाल परिवार दलका नलीप्रसाद आचार्यले १२ मत पाएपछि धरौटी जफत भएको निर्वाचन कार्यालयले जनाएको छ । नगर उपप्रमुख पदमा उम्मेदवारी दिएका नेपाल दलित पार्टीका शान्तिकुमारी नेपालीले ५२ मत, एकीकृत समाजवादीका जीवन आचार्यले ५० मत र स्वतन्त्र उम्मेदवार ताराकुमारी रिजालले ९३ मत प्राप्त गरेपछि धरौटी जफत भएको छ ।

# सधैँ विजेता : गुमानसिंह अर्याल

**पोखरापत्र संवाददाता**
**लमजुङ, ७ जेठ**

गुमानसिंह अर्यालले कहिल्यै हार ब्यहोर्नु परेको छैन । बैंसीशहरका ६५ वर्षीय अर्याल प्रधानपञ्चदेखि हालको स्थानीय तह निर्वाचनसम्म सधैँ विजेता बन्न सफल हुनुभएको छ । बैंसीशहर नगरपालिका वडा नं ९ का अर्याल बैंसीशहर गाउँ पञ्चायतको प्रधानपञ्च हुँदै पुनःदोस्रो कार्यकालका लागि नगर प्रमुख बन्न सफल हुनुभएको हो । पञ्चायतकालमा जनपक्षीय उम्मेदवारका रुपमा विसं २०४३ मा उहाँ ३० वर्षको उमेरमा पहिलो पटक जनप्रतिनिधि अर्थात बैंसीशहर गाउँ पञ्चायतको प्रधानपञ्च बन्नुभएको थियो । उक्त बेला बमबहादुर अर्याल, रणबहादुर अधिकारी, केन्द्रबहादुर सिलवाल, कमलबहादुर पौडेल, गणेशबहादुर रावललगायत सात जना उम्मेदवारलाई हराउँदै उहाँ प्रधानपञ्च हुनुभएको थियो । विसं २०४६ को परिवर्तनसँगै गाउँ पञ्चायत गाविसमा परिणत भयो ।

सोपश्चात् विसं २०४९ को स्थानीय निकायको निर्वाचनमा नेकपा (एमाले)ले बालकृष्ण बरालालाई गाविस अध्यक्षमा र अर्याललाई वडा नं ८ को अध्यक्षको उम्मेदवार बनाएको थियो । नेपाली कांग्रेसका रणबहादुर अधिकारीसँग चुनावी प्रतिस्पर्धी गर्नुभएका बराल पराजित हुनुभयो तर, भीमबहादुर कुँवरलाई पराजित गर्दै अर्याल वडाध्यक्षमा निर्वाचित हुनुभयो ।

विसं २०५४ मा भएको स्थानीय निर्वाचनमा एमालेले अर्याललाई पुनःबैंसीशहर गाविसको अध्यक्ष पदको उम्मेदावर बनायो । मोहनबहादुर थापालाई उपाध्यक्षको टिकट दियो । तर, हार्नुभयो । यता कांग्रेस उम्मेदवार बैंसीशहरका तिलकबहादुर पौडेललाई हराउँदै अर्याल भने गाविस अध्यक्षमा निर्वाचित हुनुभयो । विसं २०५४ मा तिलकबहादुर पौडेललाई हराएका अर्यालसँग प्रतिस्पर्धा गर्न पौडेलकै जेठा छोरा भेषबहादुर पौडेल विसं २०७४ को निर्वाचनमा होमिनुभयो । तर, अर्यालले २९७ मतान्तरले पौडेललाई हराउनुभयो। अर्याललले त्यतिबेला सात हजार ६२४ मत प्राप्त गर्नुभएको थियो भने पौडेलले सात हजार ३२७ मत प्राप्त गरेको थियो ।

सो बेलामा नेकपा (माओवादी केन्द्र)सँग मिलेर एमाले चुनावमा होमिएको थियो । तर यसपटकको स्थानीय तह निर्वाचनमा एक्लै निर्वाचन प्रतिस्पर्धामा लागेको एमालेको उम्मेदवार अर्यालले कांग्रेस, गठबन्धको तर्फबाट कांग्रेसका श्रीकान्त घिमिरेलाई प्रमुखमा पछि पार्दै दुई हजार आठको फराकिलो मतान्तरले जित हासिल गर्नुभएको छ । अर्यालले नौ हजार ४७९ मत प्राप्त गरेको गर्नुभएको छ भने कांग्रेसका घिमिरेले सात हजार ४७१ मत प्राप्त गर्नुभयो । विसं २०३७ देखि कानून व्यवसायमा लाग्नुभएका अर्याल वरिष्ठ अधिवक्तासमेत हुनुहुन्छ । उहाँ जिल्लास्थित बार इकाइको अध्यक्षसमेत भइसक्नुभएको छ । हाल एमाले गण्डकी प्रदेश कमिटी सचिवालय सदस्य रहनुभएको उहाँ यसअघि जिल्ला कमिटी लमजुङको दुई कार्यकाल उपाध्यक्ष र पटकपटक कमिटीमा बसेर काम गरिसक्नुभएको छ ।

अर्याल करिब चार दशकदेखि जनप्रतिनिधमा क्रियाशील रहँदै आउनुभएको छ । उहाँ विसं २०४३ देखि हालसम्म भएका पाँच वटा चुनावमा निरन्तर विजयी यात्रामा अघि बढिरहनुभएको छ । उहाँले कहिल्यै हार बेहोर्नु परेको छैन । जनताको निःस्वार्थ सेवाको परिणामले आफू लगातार जनप्रतिनिधि बन्न सफल बनेको उहाँको भनाइ छ ।

"नगरलाई समानुपातिक ढङ्गले विकसित बनाउने, सबैलाई समेटेर समावेशी सिद्धान्तअनुसार नागरिकको सम्मान गर्दै अघि बढिरहन्छु", अर्यालले भन्नुभयो । राजनीतिमा विश्राम लिनेबारे सोच्ने बेला नभएको उहाँ तर्क गर्नुहुन्छ ।

# कालीगण्डकीको छेउमा जब साइकल गुड्यो...

**रासस**
**काठमाडौं, ७ जेठ**

पर्यटकीयस्थल र हिमालपारीको जिल्लाका रूपमा परिचित मुस्ताङमा आज छुट्टै चहलपहल थियो । स्वदेशी विदेशी खेलाडी भेला भएका थिए । कोही डोरी लिएर पहाड चढ्न थाले भने कोही दौडन ।

न त जाडो न त गर्मी मौसम । नजिकै निलगिरी हिमाल र अनि तल बगीरहेको कालीगण्डकी । प्रख्यात कवि भूमि शेरचनको जन्मस्थल थाक खोला नजिकै भइरहेको अन्तर्राष्ट्रियस्तरको प्रतियोगिताको आयोजना नेपाली सेनाले गरेको थियो । खेलकुद क्षेत्रको विकास र विस्तारका लागि निरन्तर लागि परेको सेनाले शालिग्राम पाइने कालीगण्डकीको छेउतिर अन्तर ष्ट्रियस्तरको प्रतियोगिता आयोजना गरेर नयाँ इतिहास कायम गरेको भन्दै सहभागी खेलाडी र दर्शकले धन्यवाद दिएका थिए । हावाको वेग जस्तै खेलाडीले देखाएको प्रतिभा आफैँमा अनुकरणीय थियो त्यहाँ ।

गायक अमृत गुरुङले आफ्नो गीतमा भने जस्तै 'जोमसोमै बजारमा १२ बजे हावा सर...' खेलाडीले हावाको परवाह नगरी आफ्नो प्रतिभा देखाए । असाध्यै जोखिमपूर्ण मानिएको क्लाईम्बिङमा पनि खेलाडीले अदम्य प्रतिभा देखाएका थिए । समुन्द्री सतहबाट दुई हजार ७८० मिटरदेखि तीन हजार २०० मिटरसम्मको उचाइमा आयोजित सो प्रतियोगितामा नेपाली सेनाकै टिमले शीर्ष तीन स्थान कब्जा गऱ्यो । विभागीय टिमलगायत विभिन्न क्लबका स्वदेशी तथा विदेशी खेलाडी सहभागी सो अन्तर ष्ट्रियस्तरको प्रतियोगिता 'प्रथम प्रधानसेनापति अन्तर्राष्ट्रिय उच्च उचाइ साहसी खेल प्रतियोगिता' मा साइक्लिङ र दौड समावेश गरिएको थियो । प्रतियोगी खेलाडी सबैले साइकल कुदाए । पहाड चढे र दौडमा पनि सहभागी भए । कालीगण्डकीको बगरै बगर खेलाडीले आफ्नो प्रतिभा देखाउँदा प्रत्यक्षदर्शीले ताली बजाएर स्वागत गरेका थिए । प्रधानसेनापति प्रभुराम शर्माले खेलाडीलाई प्रोत्साहित गर्दै अदम्य साहस र कला देखाउन आग्रह गर्नुभएको थियो । प्रतियोगितामा खेलाडीले १०० मिटर बराबरको पहाड चढेका थिए । चार दशमलव ७५ किलोमिटर दौड थियो भने १५ दशमलव ३५ किलोमिटर बराबरको साइक्लिङ गरी विभिन्न तीन वटा इभेण्ट गरी जम्मा २० दशमलव २ किलोमिटर बराबरको दुरी समावेश थियो ।

साहसिक प्रतियागिताका रूपमा लिइएको त्यस इभेण्टमा कूल २२ टिमको सहभागिता थियो । प्रतियोगितामा सेनाको त्रिभुवन आर्मी क्लबको ६ टिम सहभागी थियो । त्यसमा चार टिम पुरुष र दुई टिम महिला थिए । अन्य १८ टिम स्वदेशी थिए । त्यसमा पनि १३ पुरुष र महिला पाँच टिम थिए । विदेशी टिममा भारतीय सेनाको एक टिम, बङ्गलादेशी सेनाको एक र ब्रिटिस गोर्खाको दुई टिम सहभागी थियो । प्रतियोगितामा सहभागी खेलाडीले सुरुमा चट्टान आरोहण गरे ।

त्यसपछि दौडिए र साइकल कुदाए । नयाँ तरिकाले खेलकुद प्रतियोगिताको आयोजना गरेर सेनाले नयाँ इतिहास कायम गरेको छ । जोमसोडस्थित सेनाको २३ नम्बर बाहिनी र उच्च शिखर शिक्षालयको आफ्नै महत्व छ । अन्तर्राष्ट्रियस्तरमा उक्त शिक्षालय र त्यहाँ हुने तालिमले विशिष्ट स्थान राखिरहेको सन्दर्भमा आजको प्रतियोगिताले सुनमा सुगन्ध थपे जस्तै महसुस गरिएको थियो । प्रतियोगितामा त्रिभुवन आर्मी क्लबका हिमाल टमाटा र मानबहादुर थापाको टिमले एक घण्टा १५ मिनेट २ सेकेण्डमा रेकर्ड मात्रै कायम गरेनन्, पहिलो स्थान हासिल गरे । वसन्त थारु र नवराज न्यौपानेको टिम दोस्रो भयो । उनीहरूले सो दुरी एक घण्टा १७ मिनेट १६ सेकेण्डमा दुरी पार । कमल ओली र प्रेमसिंह मन्यालले एक घण्टा २१ मिनेट ३० सेकेण्डसहित तेस्रो भए । पहिलो हुनेले तीन हजार अमेरिकी डलर, दोस्रोले दुई हजार अमेरिकी डलर र तेस्रोले एक हजार अमेरिकी डलर बराबरको नगद पुरस्कार प्राप्त गरे ।

महिलातर्फ हिमालयन गर्ल्सका हुमी बुढामगर र इन्द्रकला नेम्बाङ्ले एक घन्टा ४५ मिनेट २३ सेकेन्डमा दुरी पार गर्दै पहिलो स्थान हासिल गरे । आर्मीका उषा खनाल र मन्जु कुमारी खड्काले एक घण्टा ५० मिनेट २६ सेकेन्डमा दुरी पार गरेर दोस्रो भए । वेस्ट अन्तर्राष्ट्रिय टिममा भारतीय सेनाको टिम अगाडि देखियो ।

महिलातर्फ पहिलो हुनेले रु एक लाख, दोस्रो हुनेले रु ७५ हजार र तेस्रो हुनेले रु ५० हजार बराबरको पुरस्कार प्राप्त गरे । प्रतियोगितामा उत्कृष्ट नतिजा हासिल गर्न सफल खेलाडीलाई प्रधानसेनापति शर्माले पदक, ट्रफी, प्रमाणपत्रसहित नगद पुरस्कार प्रदान गर्नुभयो । प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गर्न योगदान पुऱ्याउने पोखरास्थितल मध्यकमाण्ड हेडक्वार्टर, जोमसोमस्थित २३ नं बाहिनी, उच्च शिखर शिक्षालय, नारायणदल गणलाई प्रधानसेनापति शर्माले धन्यवाद दिनुभयो । नेपाल इन्भेस्टमेन्ट बैंक र सिटिजल बैंकलाई कदरपत्र प्रदान गरिएको थियो ।

# आठ प्रतिशत तहको परिणाम आउन बाँकी, कांग्रेसको अग्रता कायमै

**रासस**
**काठमाडौं, ७ जेठ**

स्थानीय तह निर्वाचनको जारी मतगणनाअन्तर्गत हालसम्म ६९४ तहको परिणाम सार्वजनिक भएको छ । गत वैशाख ३० गते सम्पन्न निर्वाचनको जारी मतगणनामा शनिबार साँझ ७ बजेसम्म निर्वाचनको आयोगको सूचना प्रणालीमा प्रविष्ट भएअनुसार २९४ नगरपालिका र ४४७ गाउँपालिकाका गरी करिब ९२ दशमलव १६ प्रतिशत स्थानीय तहको अन्तिम मत परिणाम सार्वजनिक भएको हो ।

देशभरका ७५३ पालिकाका ३५ हजार २२१ पदका लागि भएको निर्वाचनमा तुलनात्मकरूपमा बढी मतदाता रहेका महानगरपालिका र उपमहानगरपालिकाको मत गणना सकिन अझै केही दिन लाग्ने देखिएको छ । मतगणना भएका नगरपालिकामध्ये प्रमुख पदमा नेपाली कांग्रेसले १२२ मा जित हासिल गरी १६ स्थानमा अग्रता कायम गरेको छ । सो पदमा नेकपा (एमाले) ले ६७ स्थानमा जित हासिल गरी १४ स्थानमा अग्रता कायम गरेको छ । नेकपा (माओवादी केन्द्र) ले प्रमुख पदमा २४ स्थानमा जित र २ स्थानमा अग्रता कायम गरेको छ । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले सो पदमा नौ स्थानमा जित र दुई स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्रसहित अन्यले २४ स्थानमा विजय हासिल गरी ११ स्थानमा अग्रता कायम गरेका छन् ।

निर्वाचनमा नगरपालिकामध्ये उपप्रमुख पदमा कांग्रेसले ९४ स्थानमा जित हासिल गरी १६ स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले ९१ स्थानमा जित हासिल गरी १८ स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले उपप्रमुख पदमा ३२ स्थानमा जित र चार स्थानमा अग्रता कायम गरेको छ । जनता समाजवादी पार्टी नेपालले नौ स्थानमा विजय हासिल गरी तीन स्थानमा अग्रता लिएको छ । स्वतन्त्रसहित अन्यले २० स्थानमा विजय हासिल गरी चार स्थानमा अग्रता कायम गरेका छन् । मतगणना भएका गाउँपालिकाको अध्यक्ष पदमा कांग्रेसले १८४ स्थानमा जित हासिल गरी चार स्थानमा अग्रता कायम गरेको छ ।

सो पदमा एमालेले १२१ स्थानमा जित हासिल गरी २ स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले अध्यक्ष पदमा ९६ स्थानमा जित कायम गरेको छ । जनता समाजवादी पार्टी नेपालले १९ स्थानमा जित हासिल गरी तीन स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्रसहित अन्यले २७ स्थानमा विजय हासिल गरी चार स्थानमा अग्रता कायम गरेका छन् । मतगणना भएका गाउँपालिकाको उपाध्यक्ष पदमा कांग्रेसले १८७ स्थानमा जित हासिल गरी तीन स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले १२२ स्थानमा जित हासिल गरी चार स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले उपाध्यक्ष पदमा ९३ स्थानमा जित र तीन स्थानमा अग्रता कायम गरेको छ । जनता समाजवादी पार्टी नेपालले १८ स्थानमा जित हासिल गरी एक स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्रसहित अन्यले २७ स्थानमा विजय हासिल गरी दुई स्थानमा अग्रता कायम गरेका छन् । स्थानीय तहका वडाध्यक्ष पदमा कांग्रेसले दुई हजार ५०८ मा जित हासिल गरी १२ स्थानमा अग्रता कायम गरेको छ ।

सो पदमा एमालेले दुई हजार ११ मा जित हासिल गरी ११ स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले वडाध्यक्ष पदमा एक हजार २६ स्थानमा जित र दुई स्थानमा अग्रता कायम गरेको छ । जनता समाजवादी पार्टी नेपालले सो पदमा २६४ स्थानमा जित र पाँच स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्रसहित अन्यले ५५३ स्थानमा विजय हासिल गरी ४ स्थानमा अग्रता कायम गरेका छन् । महिला सदस्य पदमा कांग्रेसले दुई हजार ४६६ मा जित हासिल गरी १० स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले २ हजार १९७ स्थानमा जित हासिल गरी १३ स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले महिला सदस्य पदमा ९३८ स्थानमा जित र पाँच स्थानमा अग्रता कायम गरेको छ । जनता समाजवादी पार्टी नेपालले सो पदमा २६५ स्थानमा जित र पाँच स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्रसहित अन्यले ४९२ स्थानमा विजय हासिल गरी एक स्थानमा अग्रता कायम गरेका छन् । दलित महिला सदस्य पदमा कांग्रेसले दुई हजार ४०९ मा जित हासिल गरी ११ स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले दुई हजार १४७ स्थानमा जित हासिल गरी आठ स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले दलित महिला सदस्य पदमा ९४७ स्थानमा जित र आठ स्थानमा अग्रता कायम गरेको छ । जनता समाजवादी पार्टी नेपालले सो पदमा २६५ स्थानमा जित र पाँच स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्रसहित अन्यले ४७८ स्थानमा विजय हासिल गरी एक स्थानमा अग्रता कायम गरेका छन् । वडा सदस्य पदमा कांग्रेसले पाँच हजार एक मा जित हासिल गरी ११ स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले चार हजार ४१२ स्थानमा जित हासिल गरी १२ स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले वडा सदस्यपदमा १ हजार ७६० स्थानमाजित र ६ स्थानमा अग्रता कायम गरेको छ । जनता समाजवादी पार्टी नेपालले सो पदमा ५२७ स्थानमा जित र ५ स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्रसहित अन्यले एक हजार १९ स्थानमा विजय हासिल गरी एक स्थानमा अग्रता कायम गरेका छन् ।